महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:०७५।७६
च.न.

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,

जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट जीतपुरसिमरा उपमहानगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४स्थानीय सरकार सञ्चालन ऐन, २०७४तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ५८ लाख २७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३८ लाख ३८ हजार, नियमित गर्नुपर्ने रु.६४ लाख ८६ हजार,प्रमाण कागजात पेश गर्नुपर्ने रु.४९ लाख ६ हजार र पेश्की रु.२ करोड ५ लाख ९७ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछर्योट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना (२९) यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)

नायव महालेखापरीक्षक

जीतपुरसिमरा उपमहानगरपालिका

लेखापरीक्षण प्रतिवेदन

२०७४।७५

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न उपमहानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । गढीमाई नगरपालिकाबाट जीतपुरसिमरा उपमहानगरपालिकामा परिणत यस उपमहानगरपालिकामा साविकका भवानीपुर जीतपुर, पिपरा सिमरा, डुमरवाना, फत्तेपुर, छातापिपरा, अमलेखगञ्ज, इनवा्सिरा गाविसको पुरै भाग र मनहर्वा गाविसको (१,२,३,७,८,९), हरैयाको (१) र रामपुरटोकनी (३) नम्बर वडा समेटिएको छ । यस उपमहानगरपालिकामा २४ वटा वडा छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार जीतपुरसिमरा उपमहानगरको जनसंख्या ११४,१८५ रहेको छ भने क्षेत्रफल ३११.६७ वर्ग किमी छ । यस उपमहानगरको पूर्वमा निजगढ नगरपालिका र कोल्हवी नगरपालिका, पश्चिममा बिरगन्ज महानगरपालिका, उत्तरमा हेटौडा नगरपालिका र दक्षिणमा परवानीपुर गाउपालिका र कलैया उपमहानगरपालिका रहेका छन् ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ वमोजिम विभिन्न स्रोतबाट प्राप्त निकासा तथा आम्दानीहरु उपमहानगरपालिकाले स्थानीय सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । उपमहानगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोष र आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि. नं.	आय विवरण	रकम रु.	जम्मा रु.	सि.नं.	व्यय विवरण	रकम रु.	जम्मा रु.
१	**गत आ.व.को जिम्मेवारी**		**३,२३,७९,०४९।००**	**१**	**खर्च**		**५५,५१,३९,७३५।०१**
	धरौटी खाता				धरौटी	३७,०८,९११।००	
	आन्तरिक आय	२,६६,२४,४३५।००			सशर्त अनूदान	२२,५१,०८,८३४।९०	
					समानिकरण अनूदान खर्चः	**३२,२२,८९,९८९।११**	
					आन्तरिक आय खर्च	४०,३२,०००।००	
२	**उ.न.पा.तर्फको चालू आ.व. आम्दानी**		**७७,४७,७१,५७६।२९**	**२**	**आगामि आ.व.लाई जिम्मेवारी सार्ने**		**२५,२०,१०,८९०।२८**
	धरौटी	२,९९,२१,६६७।२९			धरौटी	३,१९,६७,३७०।२९	
	समानिकरण अनूदान	४८,८६,५७,०००।			सशर्तअनूदान चालू.	२९,२०,१६५।१०	
	सशर्तअनूदान चालू.	२२,८०,२९,०००।			समानिकरण अनूदान	१६,६३,६७,०१०।८९	

	आन्तरिक आय	२,८१,६३,९०९।००			आन्तरिक आय	५,०७,५६,३४४।००	
३	**नेपाल सरकारबाट अनूदान**		**१०,१५,२४,०००।००**	३	**अनूदान खर्च**		**९,९४,०३,६४१।००**
	एल.जि.सि.डि.पि. चालू	१३,७४,०००।००			एल.जि.सि.डि.पि.चालू	१३,५६,०४१।००	
	महिला बालबालिका मन्त्रालय अनूदान	१३,००,०००।००			महिला बालबालिका मन्त्रालय अनूदान	१२,९५,०००।००	
	बहूक्षेत्रीय पोषण कार्यक्रम	१६,७३,०००।००			बहूक्षेत्रीय पोषण कार्यक्रम	१६,७३,०००।००	
	सामाजिक सूरक्षा भत्ता	९,७१,७७,०००।००			सामाजिक सूरक्षा भत्ता	९,५०,७९,६००।००	
४	**अन्य आम्दानी**		**२,५०,०००।००**	४	**अन्य खर्च**		**२,५०,०००।००**
	पर्यटन वोर्ड	२,५०,०००।००			पर्यटन वोर्ड	२,५०,०००।००	
				५	**नेपाल सरकारबाट प्राप्त रकम आगामि बर्षलाई जिम्मेवारी**		**२१,२०,३५९।००**
					महिला बालबालिका मन्त्रालय अनूदान	५,०००।००	
					सामाजिक सूरक्षा भत्ता	२०,९७,४००।००	
					एल.जि.सि.डि.पि.	१७,९५९।००	
	जम्मा		**९०,८९,२४,६२५।२९**		**जम्मा**		**९०,८९,२४,६२५।२९**

संघीय राजस्वः

शीर्षक नं.	लगत हसबली समेत रु.	असुली रु.	दाखिला रु.
१५११२	१८९०००	१८९०००	१८९०००

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१.	**बैंक हिसाब** -कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको बर्षान्तमा बैंक मौज्दात रु.२८३१२६२६०.५७ रहेको छ । सोही अवधिको देहायका खाताको बैक स्टेटमेन्ट अनुसार बैंक मौज्दात रु.३०४७३२०४४ देखिएकाले रु.२,१६,०५,७८३।४८बैकमा बढि मौज्दात देखिएको छ । कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले फरक पर्नाको कारण पहिचान गर्न सकिएन ।यसर्थ बढि मौज्दात	

देखाएको रकम हिसाब मिलान गर्नुपर्दछ ।

बैक खाता नं.		बैंक अनुसार मौज्दात	श्रेस्ता अनुसार मौज्दात
२६२१०	पूँजीगत	१४७६६.०१	०
१६११०	चालुखाता	२१२७१२२६	०
७९७१०	गरिबी निवारण कोष	२३१३७०	
१८११०	मुल खाता	२४८९३५३८३	२५१५८४८९०.२८
	धरौटी खाता	३४२७९२९९	३१५४१३७०.३
	जम्मा	३०४७३२०४४	२८३१२६२६०.५७

२.

आन्तरीक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन ।

- **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा मिति २०७५।५।१५ मा जिन्सी निरीक्षणको प्रतिवेदन पेश गरेकोमा सो कार्यन्वयन भएको छैन ।

- **जोखिम पहिचानः** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।

- **योजना सन्चालनः** सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन ।

- **कार्य विवरणः** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन ।

- **कार्यक्रम वाइज खर्च खाताः** कार्यालयले कार्यक्रम वाइज खर्च खाता राखेको छैन । जसले गर्दा कुन कुन कार्यक्रममा के कति खर्च भयो, कुन कुन कार्यक्रममा बढी वा घटी खर्च भयो । स्वीकृत कार्यक्रम वेगर खर्च भए नभएको सम्बन्धमा अध्ययन र तुलना गर्न सक्ने स्थिति रहेन ।

- **लागत अनुमान/खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।

- **मर्मत अभिलेखः** सवारी साधन तथा मेशीनरी उपकरण मर्मत गरेपछि म.ले.प.फा.नं.२ मा अभिलेख राख्नु पर्ने

व्यवस्था रहेकोमा कार्यालयले मर्मत अभिलेख खाता राखेको पाईएन ।

- **भ्रमण अभिलेखः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले भ्रमण अभिलेख खाता राखेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

- **नापी किताब, ठेक्का बीलः** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्व्न्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।

- **मू.अ.कर दर्ता नभएकासंग खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ

- **विद्युतिय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह संचितकोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्वन्धि पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वुंदा नं. ५.१० मा सबै स्थानियतहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । उपमहानगरपालिकाले नेपाल सरकारको खर्चको वर्गीकरण व्याख्या अनुरुप श्रेस्ता राखेको छैन। खर्चको फाटवारी,बैक हिसाब विवरण तयार गर्ने गरेको छैन ।सबै स्थानियतहले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Passwordप्राप्त गरी आफ्नो संचितकोषको संचालनमा गर्नुपर्ने, वजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यस वर्ष उपमहानगरपालिकाले Sub National Tresury Regulatory application(SUTRA)प्रयोगमा ल्याएको देखिएन । तसर्थ (SUTRA) प्रयोग गरी नेपाल सरकारको खर्चको वर्गीकरण व्याख्या अनुरुप लेखा प्रणाली व्यवस्थित गर्नु पर्दछ ।

- **प्रशासकीय संगठन र कर्मचारी दरवन्दीः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८३ मा उपमहानगरपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा र महाशाखा रहेको संगठनसंरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । हाल ३२ जना कर्मचारी मात्र रहेकोले कार्यालयको निर्दिष्ट उद्देश्य प्राप्तिका लागि दरवन्दी अनुसार पदपूर्ति गर्नेतर्फ सम्वन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ ।

- **उपमहानगरपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षणः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य

प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले त्यस्ता सम्पत्तिको अभिलेख नराखेको, रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

- **सम्पत्ति विवरणः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११० मा सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्वन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कानूनी व्यवस्था अनुसार सम्पत्ति विवरण पेश गरेको जनाएको छ ।

- **इन्धन खर्चको लगबुकः** कार्यालयले यस बर्ष चालू तर्फ इन्धन बापत रु.२३,९०,४४६। खर्च लेखेकोम एकै फर्म बाबा आयल स्टोर्स (स्थायी लेखा नम्बर ३००१०३५३५)लाई देहाय बमोजिम विभिन्न मितिमा रु.२०,७५,५४३। भुक्तानी गरेको छ । गाडिवाइज इन्धन खर्चको पुष्टि गर्ने गरी लगबुक राखेको छैन ।

सि.नं.	भौ.नं मिति	रकम
१	३०,०७४/६/६	१५३७४७
२	४७,०७४/६/२६	१२४२७१
३	१०४,०७४/८/१३	१५५३५२
४	१०३,०७४/८/१३	१९७९८४
५	१९८,०७४/१०/९	१७२६२१
६	३२५,०७४/१२/२६	२८४८१२
७	२९१,२०७४/११/९	२९५०४५
८	३८६,०७५/२/७	२७०५३१
९	४८९,०७५/३/१५	४२११८०
जम्मा		२०७५५४३

३. **राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक यो बर्ष १२ पटक बसेता पनि ऐनमा उल्लेख भए अनुसारका कार्यहरु गरेको देखिएन ।

४. **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था रहेकोमा कार्यक्रमको प्राथमिकिकरण र विषय क्षेत्रगत कार्यक्रम अनुसार कार्यकम वर्गिकरण गरेको नदेखिएकोले कानूनी व्यवस्था अनुसार कार्यक्रमको प्राथमिकिकरण र विषय क्षेत्रगत कार्यक्रमको वर्गिकरण गरी सन्चालन हुनुपर्ने देखिन्छ ।

५. **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम उपमहानगरपालिकाले

आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।उपमहानगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ उपमहानगरपालीकाले अभिलेख व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखिएको छ ।

६. **लक्ष्य प्रगतिः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक र वार्षिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती तयार नदेखिएकोले सन्चालित योजनाको भौतिक प्रगति एकिन गर्न सकिएन । कार्यालयले पेश गरेको याजनागत खर्चको विवरण अनुसार निम्नानुसारका कार्यक्रमको वित्तीय प्रगति शुन्य देखिएकोले वान्छित प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सि. नं.	कार्यक्रम । योजनाको नाम	कार्यन्वयन हुने स्थान	विनियोजन रु (हजारमा)	वित्तिय प्रगति	प्रगति प्रतिशत
१	पर्यटनसम्बन्धी चेतनामूलक सिपमूलक तथा होमस्टे कार्यक्रम (गत वर्ष अल्य)	नगरस्तरीय	४,००	०	०
२	अधुरोसार्वजनिक भवन निर्माण जैतापुर मुसहरटोल	१७, वडास्तरीय	४,८७	०	०
३	घेरा बारतथा पर्खाल निर्माण १५ जनकल्याण अधारभूत नि मा वि	१५, वडास्तरीय	१,५०	०	०
४	डुमरबानाबहुमुखी क्याम्पस बाल कम्पाउण्डवाल समेत (अल्या)	नगरस्तरीय	१३,००	०	०
५	ने रा निमा वि हरपुर बलुवा शौचालय (अल्या)	नगरस्तरीय	६,००	०	०
६	ने.राअ.वि बजनी शौचालय निर्माण (अल्या)	नगरस्तरीय	६,००	०	०
७	नायाँसामुदायिक भवन निर्माण गाउँको दक्षिण पोखरी छेउमा सामुदायिक भवन पछाडी	९, वडास्तरीय	२,९६	०	०
८	पर्खालनिर्माण जनचेताना प्रा. वि	१४, वडास्तरीय	१,९५	०	०
९	मौवादेवीमा. वि. डकहा (अल्या) शौचालय	नगरस्तरीय	६,००	०	०
१०	समुदायिकभवन शौचालय र कम्पाउण्ड वाल निर्माण भवानीपुर टोल	५, वडास्तरीय	४,८७	०	०
११	सामुदायिकभवन कम्पाउण्डवाल र छत ढलान विर्ताटोल	५, वडास्तरीय	४,८७	०	०
१२	सामुदायिकभवन निर्माण नेराप्रावि विसोलियाको छेउमा (अल्या)	५, वडास्तरीय	९,७५	०	०
१३	नगरपालिकासिसि टिभि (अल्या)	, नगरस्तरीय	१,५०	०	०
१४	अधुरोबाटोमा माटो पुरीग्रेभल मथूरापुर र चिनिमिल विचको बाटो	१९, वडास्तरीय	५,००	०	०
१५	अमलेखगंजखानेपानी (अल्या)	नगरस्तरीय	४,००	०	०
१६	इनर्वासिरादेखि फतेपुर सडक वडा १२ र २०	नगरस्तरीय	४०,००	०	०
१७	उचिडिहहुदै लामिडाँडा सडक ढलान वडा १६ (अल्या)	नगरस्तरीय	१०,००	०	०
१८	कल्भर्टनिर्माण लोसन्डा देखि रमौली जाने बाटो	८, वडास्तरीय	४,८७	०	०
१९	कल्भर्टनिर्माण गरी ग्रेभल बर गाछी को रुख देखि सानो मटिअर्वाजाने बाटो	१९, वडास्तरीय	१०,१८	०	०
२०	छातापिपराश्री न रा अ॰ वि नगोल पशु स्वास्थ्य केन्द्र वडहर्वा टयूवेल निर्माण (अल्या)	नगरस्तरीय	२,५५	०	०
२१	डुमरबानाखानेपानी (अल्या)	नगरस्तरीय	५,००	०	०
२२	नसीम पक्कीनाला निर्माण रामजानी देवी भट्टी टोल	५, वडास्तरीय	९,७५	०	०

२३	नालानिर्माण परवानपुर गाउँपालिकाको दक्षिण सिमाना देखि नेराप्राबि बलुवा सम्म नालानिर्माण	१0, वडास्तरीय	५,७४	०	०	
२४	नालानिर्माण मगर टोलमा वडा स्तरीय	७, वडास्तरीय	४,८७	०	०	
२५	पक्की नालानिर्माण जामे मस्जिद रेहेको बाटोमा	२४, वडास्तरीय	१४,७६	०	०	
२६	पक्की नालानिर्माण र बाटो ग्रेभल रायटोल चौक देखि भित्र टोल	१२, वडास्तरीय	४,८७	०	०	
२७	पक्की नालानिर्माण वडा नं. १० नागेशवर महतो	१०, वडास्तरीय	१३,५६	०	०	
२८	पक्की नालानिर्माण शशी साह कलवारको घर पक्की नाला निर्माण	७, वडास्तरीय	४,८७	०	०	
२९	पक्की बाटोढलान कुपरको घर देखि वडा स्तरीय ७	७, वडास्तरीय	४,८७	०	०	
३०	बकुलीयफतेपुर सडक वडा ७ ५ र १३ (अल्या)	नगरस्तरीय	६०,००	०	०	
३१	बकुलीयविसौलीया चौधरी टोल हुदै अराहा नमुना सडक तथा नाला निर्माण (अल्या)	नगरस्तरीय	४०,००	०	०	
३२	बलुवाबेहरा छातापिपरा राजेशमेटल सम्म वडा ८ ९ र ११ (अल्या)	नगरस्तरीय	४०,००	०	०	
३३	बस्डील्वाइनर्वा बजार देखि मथुरापुर सम्म वडा ८ १९ र २१ (अल्या)	नगरस्तरीय	४०,००	०	०	
३४	बाटो ढलानजामिरेको घर देखि कपिल देवको घर सम्म	७, वडास्तरीय	४,८७	०	०	
३५	बाटो ढलानतथा दायाँ बायाँ पक्की नाला निर्माण पाउरोटी करखाना देखि माईराम चोक	२१, वडास्तरीय	१२,४२	०	०	
३६	बाटो ढलानतथा पक्की नाला निर्माण ताजपुर रामचन्द्र दासको फरम गेट सम्म	२३, वडास्तरीय	८,७७	०	०	
३७	बाटो ढलानतथा पक्की नाला निर्माण बजारटोल गाउँको मे बाटो देखि असमहमद अंसारीको घर सम्म .....सालिमार स्टिल र नारायणी छालामिल सम्म	२३, वडास्तरी	२७,७८	०	०	
३८	बाटो ढलानतथा पक्की नाला निर्माण बरको बोट देखि माईरामचोक सम्म वडा स्तरीय	२१, वडास्तरीय	६,७८	०	०	
३९	बाटो मर्मततथा ग्रेभल बाटो	१५, वडास्तरीय	४,८७	०	०	
४०	बाटोस्ल्याप ढलान जैतापुर चौधरी टोल	१७, वडास्तरीय	४,८८	०	०	
४१	बाटोमर्मतसंभार वडा क्षेत्र भित्र	१२, वडास्तरीय	५,८५	०	०	
४२	भवानीपुरनगरबस्ती रोड पक्की नाला निर्माण (गत वर्ष अल्य)	नगरस्तरीय	८,००	०	०	
४३	माटोपुरीबाटो ग्भल पिपरीया गाउँ देखि स्कुल सममको बाटो	१२, वडास्तरीय	४,८७	०	०	
४४	शालीमारस्टील देखि विच गाउँ हुदै नारायण छला मिल सम्म बाटो तथा नाला वडा २४	, नगरस्तरीय	२०,००	०	०	
४५	सडक पक्कीढलान उतरटोल (प्रभु चौक देखि उप-स्वास्थ्य चौकी जाने बाटो)	२४, वडास्तरीय	९,७५	०	०	
४६	सडक पक्कीढलान नहरटोल ग्यासुदिन मियाँको घर देखि दक्षिण जाने बाटोमा	२४, वडास्तरीय	११,७०	०	०	
४७	हयूमपाईपजडान र माटोपुरी ग्रेभल रमौली र गम्हरगावा सडकमा	८, वडास्तरीय	५,३६	०	०	
४८	नदीटोलपुलको दायाबायाँ (अल्या)	५, वडास्तरीय	५,२६	०	०	
४९	भङ्गाखोलासरसफई तथानदी नियन्त्रण गर्ने (अल्या)	, नगरस्तरीय	३,४५	०	०	
५०	बालगंगाप्राकृतिक प्रकोप बहुउदेश्य सामाजिक संस्था	नगरस्तरीय	१०,२०	०	०	
५१	२०० शैयाअस्पताल जीतपुर (अल्या)	नगरस्तरीय	४०,००	०	०	
५२	अधुरोमन्दिर निर्माण नायाँ बस्ती अवस्थित नव दुर्गा मन्दिर	१५, वडास्तरीय	२,९२	०	०	

५३	अमलेखगंज२१ को गुम्बा विधालय निर्माण (अल्या)	नगरस्तरीय	९,००	०	०	
५४	अहिसावादीसाङ्गे छयोइलिङ्ग बौद्ध गुम्बा अमलेखगंज २१ (अल्या)	नगरस्तरीय	१०,००	०	०	
५५	कब्रस्थानव्यवस्थापन (अल्या)	नगरस्तरीय	५,००	०	०	
५६	कमर्डहलसिमरा (अल्या)	नगरस्तरीय	२५,००	०	०	
५७	कान्जीहाउस वडा नं.१ (गत वर्ष अल्या)	नगरस्तरीय	८,००	०	०	
५८	गोलपोष्टनिर्माण कार्य (अल्या)	नगरस्तरीय	५,००	०	०	
५९	जीतपुरबकुलिया खानपानी अयोजना (अल्या)	नगरस्तरीय	५,००	०	०	
६०	धुम्तीशौचालय खरिद जीतपुर (अल्या)	नगरस्तरीय	११,८५	०	०	
६१	नालासरसफाई वडा भित्रको सवै नाला	७, वडास्तरीय	४,८७	०	०	
६२	पुरातात्विकरेल्वे टिकट घर सहित अन्य एतिहासिक स्थल व्यवस्थापन	,नगरस्तरीय	५,००	०	०	
६३	पशुपतिमन्दिर मर्मत मौलापुरमा वडा स्तरीय १४	१४, वडास्तरीय	२,३७	०	०	
६४	बकुलीयक्याम्पस शौचालय (अल्या)	नगरस्तरीय	८,००	०	०	
६५	महिला तथालक्षित सहकारी पूर्वाधार निर्माण (गत वर्ष अल्या)	नगरस्तरीय	२,००	०	०	
६६	रंगशालासिमरा (अल्या)	नगरस्तरीय	२५,००	०	०	
६७	राँगा भैसीबजार व्यवस्थापन वडा ७(गत वर्ष अल्या)	नगरस्तरीय	२०,००	०	०	
६८	विवाहमण्डप गढिमाई (अल्या)	नगरस्तरीय	१५,००	०	०	
६९	शमशान घाटनिर्माण ७ (अल्या)	नगरस्तरीय	५,००	०	०	
७०	शौचालयनिर्माण अमलेखगंज (अल्या)	नगरस्तरीय	७,७०	०	०	
७१	समशानघाटकम्पाउण्डवाल र सेड निर्माण सिरिसया नदी सशस्त्र बेश क्याम्प छेउ (अल्य)	वडास्तरीय	४,८७	०	०	
७२	सर्पदंशउपचार केन्द्र जीतपुर गढीमाइ अर्मी क्याम्प (अल्या)	,नगरस्तरीय	२५,००	०	०	
७३	सिमरा कलेजपुजीगत सहयोग (अल्या)	नगरस्तरीय	८,००	०	०	
७४	सोलबतिजनसहभागिताबाट १५ प्रतिशत अनिवार्य हुने गरि	नगरस्तरीय	५०,००	०	०	
७५	कन्चनपुरदग्ध उत्पादक सहकारी संस्था लि. (अल्या)	नगरस्तरीय	५,००	०	०	
७६	दुग्धचिस्यान केन्द्र निर्माण डुमरबाना (अल्य)	नगरस्तरीय	४,७९	०	०	
७७	पञ्चमृतदुग्ध उत्पादक सहकारी संस्था लि. हरैया(अल्या)	नगरस्तरीय	५,००	०	०	
७८	विज्ञानअध्यन नेपाल राष्ट्रिय माध्यमिक विधालय बकुलीया	नगरस्तरीय	५,००	०	०	

७. **सेवा प्रवाहः** कार्यालयले आर्थिक वर्ष २०७४।७५ सेवा प्रवाहतर्फ गरेको कार्यसम्पादनको विवरण माग गर्दा पेश नभएको र सेवा प्रवाहको अभिलेख समेत व्यवस्थित किसिमले नराखेकोले कार्यालयले वर्ष भरीमा के कति कार्यसम्पादन गरेको छ एकिन गर्न सकिएन ।

८. **कार्यविभाजन र कार्यसम्पादनः**स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १६ मा कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्वन्धी व्यवस्था कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुने व्यवस्था रहेकोमा सो सम्वन्धी नियमावली तयार गरेको नदेखिएकोले कार्यविभाजन र कार्यसम्पादन नियमावलीको अभावमा कार्यसम्पादनमा अस्पष्टता र द्विविधा हुनसक्ने हुँदा कानूनी व्यवस्था बमोजिम हुनुपर्ने देखिन्छ ।

९. **कानून निर्माणः**स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २० मा उपमहानगरपालिकाको अधिकारक्षेत्रको

विषयमा सभामा विधेयक प्रस्तुत गर्न सक्ने व्यवस्था रहेकोमा हालसम्म १३ वटा विधयेक पेश भएको छ । उपमहानगरपालिकाले आफ्नो अधिकारक्षेत्रको विषयमा कुनै कानून निर्माण नगर्दा स्थानीय सरकारको संस्थागत विकासमा सुस्तता आउने हुँदा कानूनी व्यवस्था वमोजिम हुनुपर्ने देखिन्छ ।

१०. **समिति गठनः**स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २२ मा नगरसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई लेखा समिति, विधायन समिति, सुशासन लगायत आवश्यकता अनुसार समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेकोमा ऐनले तोके बमोजिमका ७ वटा समितीहरु गठन भई कार्यन्वयनमा आएको छ ।

११. **योजना तर्जुमा र कार्यान्वयनः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २४ मा उपमहानगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागु गर्ने व्यवस्था रहेकोमा उपमहानगरपालिकाले कुनै किसिमको योजना तर्जुमा गरेको देखिएन ।

१२. **नक्शा पासः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २७ मा उपमहानगरँपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले नक्शा पास गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याएको देखिएन ।घर नक्शापास र निर्माण कार्य सम्पन्न सम्वन्धी देहायनुसारको विवरण पेश गरेको छ ।यस तर्फ ध्यान दिनुपर्दछ ।

सुपर स्ट्रक्चरअनुमति	कार्यसम्पन्न संख्या		
	गत विगत वर्ष अनुमति लिएका मध्ये अभिलेखिकरण	यो वर्ष प्लिन्थ सम्म अनुमति लिएका	सम्पन्न प्रमाण पत्र
१	९६	३४	१

१३. **लेखापरीक्षणः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । उपमहानगरपालिकाको संगठनात्मक तालिकामा आन्तरिक लेखा परीक्षण शाखाको व्यवस्था रहेकोमाएक कर्मचारीको व्यवस्था भएको देखियो । यस बर्ष कार्यालयले मिति २०७५।९।६मा आन्तरिक लेखापरीक्षण गरेकोमा प्रतिवेदनले औल्याएका कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गर्नुपर्नेमागरेको छैन ।

१४. **न्यायिक समितिको वार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम उपमहानगरपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिको गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः सम्वन्धित सभामा पेश गर्नु पर्दछ ।

१५. **चौमासिक प्रगति :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिका तथा उपमहानगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेमा पेश गरेको देखिएन ।

१६. **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।उपमहानगरपालिकाले गत विगत वर्ष देखिको वक्यौता असूली विवरण नराखेकोले वक्यौता हिसाव राखि अद्यावधिक गर्नु पर्दछ ।

१७. **योजना संचालन र हस्तान्तरण :** आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समितिलाई

	हस्तान्तरण गरी दिगो संचालन हुने व्यबस्था मिलाउनु पर्दछ । योजना कितावमा सबै योजना हस्तान्तरण गर्ने फारामको व्यवस्था गरेपनि व्यवस्थित रुपमा दस्तखत गरी सबै योजनाहरु हस्तान्तरण भएको देखिदैन । योजनाको अनुगमन गरी अनुगमन प्रतिवेदन समेत व्यवस्थित रुपमा तयार गरेको देखिदैन । अतः विधिवत् रुपमा हस्तान्तरण गरी योजनाको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।	
१८.	**सामाजिक सुरक्षा भत्ताः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा देहायका व्यहोरा देखिएका छन् ।	
१८.१	• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७४/०७५ बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम नगरपालिकामा बैंक मार्फत गरिने गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । कार्यालयले वडा नं.१ देखि १६सम्मको सामाजिक सुरक्षा बापतको भत्ता बैंकिङ्ग प्रणालीबाट भुक्तानी गरेको छ । अन्य वडाहरु वडा नं. १७ देखि २४ सम्मको यस वर्ष सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बाँकी वडाहरुको समेत अविलम्ब बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ । • सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार उपमहानगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछिवा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।	
१८.२	कार्यालयबाट विभिन्न वडाका वडा सचिवहरुले सामाजिक सुरक्षा बापतको पेश्की लिई वितरण नभएको रकम रु.१,४७,२००। कार्यालयको मूल खातामा दाखिला गरेको देखिएकोले उक्त रकम १५१११ मा दाखिला हुनुपर्ने रु.	१,४७,२००/-
१८.३	वडा नं १ देखि वडा नं १६ सम्मको सामाजिक सुरक्षा भत्ता बैंकिग प्रणालीबाट हुने गरेकोमा मुत्यु भएकाको नाममा कृषि विकास बैक सिमरामा निकासा गरेको फिर्ता माग गरि सञ्चित कोष दाखिला हुनुपर्ने रु	३,०५,६००/-
१९.	**तलब भत्ता सम्बन्धमाः** प्रदेश नं.२ प्रदेश सरकारद्धारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सदस्यले मात्र भत्ता पाउने उल्लेख छ । सोको आधारमा नियुक्ती भएको मिति देखि नै पदाधिकारीहरुलाई कार्यालयले आषाढको अन्त्यमा पेश्की भनी एकमुष्ठ तलब रु. १,४५,५७,९६३। खर्च लेखेको छ । साथै यस बर्ष विभिन्न बैठक बसी मासिक सुविधा पाउने २६ पदाधिकारीले रु.१८,२८,२००। ऐन विपरीत दोहोरो सुविधा लिएको असुल गर्नुपर्ने रु..	१८,२८,२००/-
२०.	**नगरसभा खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ अनुसार अधिकार प्राप्त अधिकारीले खर्च गर्दा मितव्ययीता तथा खर्चको औचित्यता समेत मध्ये नजर राखेर खर्च गर्नुपर्दछ । नगरसभाको नाममा मितव्ययी तवरले खर्च गर्नुपर्नेमा होटेल भाडामा लिई २,०८,७९९। र बैठक भत्ता रु.४,१३,९००। समेत रु.६,००,७७९। खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।	
२१.	५७०,०७५।३।२० स्थानीय तह गठन हुनु भन्दा अघिको पाडा भैसी बजारको ठेक्का सचिव स्तरीय निर्णयको आधारमा तोडिएको भनी रु.१३,४२,८८३। फिर्ता गरेको छ । उक्त ठेक्कामा सम्झौता अनुसार रु.३०,५०,०००। दाखिला गरेको देखाई सो रकम फिर्ता दिएकोमा रु.२८,५०,०००को भौचर पेश भएतापनि रु.२००००० को भौचर पेश नभएकोले दाखिलाको भौचर पेश हुनुपर्ने रु.	२,००,०००/-

२२. प्रदेश नं.२ प्रदेश सरकारद्धारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सदस्यले मात्र भत्ता पाउने व्यवस्था रहेकोमा उपप्रमुख सरस्वती देवी चौधरीले प्रथम तथा दोश्रो नगरसभामा बजेट प्रस्तुत गरेको भनी नगरकार्यपालिकाबाट मिति २०७५।३।२० मा निर्णय गराई १५ प्रतिशत अग्रिम कर कट्टी गरी रु.८५,०००। भुक्तानी लिएको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गरी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

२३. **उपभोक्ता समितिको कार्य** :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) बमोजिम एक करोड रुपैंयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था भएकोमा उपभोक्ता समिति मार्फत उपमहानगरपालिकाले विभिन्न निर्माण कार्य गराएकोमा देखिएका व्यहोराहरु देहाय अनुसार छन ।

- उपनियम ७ बमोजिम उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस नगरेको र उपभोक्ता भेलाबाट खर्चको सार्वजनिकरण केही मात्रामा गरेपनि व्यवस्थित रुपमा श्रमिक संख्या, मालसामानको विवरण, मूल्य आदि खुलाई तयार नगरेको ।

- गाउँसभाले योजना छनौट गर्दा सर्भे रिपोर्टको आधारमा लागत अनुमान तयार भए पश्चात गर्नुपर्नेमा सभाले बजेट विनियोजित गरे पश्चात योजना सर्भे र लागत अनुमान तयार गरेकोले लागत अनुमान र बजेटबीच तादम्यता नहुने र बजेट अनुमान र लागत अनुमान यथार्थपरक नहुने देखिन्छ ।

- योजनाको निर्माण कार्य शुरु हुनु पूर्व निर्माण कार्य भइरहेको अवस्था र निर्माण कार्य सम्पन्न भएको देखिने गरी स्थलगत फोटोहरु सामेल गरी खर्चको पुष्ट्याईं गर्नुपर्नेमा निर्माण कार्य शुरु हुनु पूर्वको फोटोहरु कुनै पनि योजनामा सामेल नभएको, निर्माण भएको र निर्माण सम्पन्न अवस्थाको केहि योजनामा फोटोहरु सामेल भएपनि अधिकांशमा भएको देखिएन । खर्चको पुष्ट्याईंका लागि उक्त प्रमाण आवश्यक हुने हुँदा सो सामेल गरी खर्च गर्नुपर्दछ ।

- उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त अनुदान रकम र जनश्रमदानबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत पुरै खर्चको विवरण सो निकायमा पेश गर्नुपर्नेमा उपभोक्ता समितिले प्राविधिकबाट जाँचपास गराएपनि खर्चलाई पुष्टि हुने गरी पूर्णरुपमा जनसहभागिता अंशको वील भरपाई व्यवस्थित नगरेको ।

- योजना कितावमा चाहिने व्यहोरा खुलाई तयार नगरेको र मस्टररोलमा कामदारको तीनपुस्ते खुल्ने विवरण नराखि कामदारको नामनामेसी मात्र राखेको ।

लागत अनुमान तयार गर्दा र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले कार्यालयले गर्ने कार्य, रकम र उपभोक्ता समितिबाट गर्ने कार्य, रकम खुलाई तयार नगरी एकमुष्ट रुपमा तयार गरी अनुपातिक आधारमा कार्यालय अंश र जनसहभागिता अंश खुलाउने गरेकोले छुट्टाछुट्टै खुलाई तयार गर्नुपर्दछ ।

२४. खुद कामको आधारमा १०प्रतिशत नगद सहभागिता र १० प्रतिशत श्रम सहभागिता हुनुपर्नेमा कार्यपालिकाको निर्णय न.२(२०७४।९।२८)बाट विनियोजित रकमलाई शत प्रतिशत मानी थप १०प्रतिशत नगद र १०प्रतिशत श्रम सहभागिताको निर्णय गर्नाले उपभोक्ता समितिलाई वढी भुक्तानी भएको देखियो । यस तर्फ ध्यान दिनुपर्दछ ।

कामको विवरण	न.पा.वाट विनियोजित रकम	खुद काम (A)	उ.स.योगदान (१०प्रतिशत नगद र १०प्रतिशत श्रम) (B)	भुक्तानी दिनुपर्ने रकम (A-B)	भुक्तानी दिएको	वढी रकम
आदर्श चोक ..वाटो ढलान	३९,००,०००	४७,१०,१७४.५४	९,४२,०३४.०	३७,६८,१४०	३९,०५,०००	१,३६,८६०
स्याउली चौक देखि वडानं. ११, १४मा वाटो	३९०००००	४००७२५५।६८	८०१४५१	३२०५८०४।६८	३२६६३१२	६०४०८

ढलान						
अमृतलाल श्रेष्ठको घर हुदै वाटो ढलान	९७५०००	११७६९३२	२३५३८६	९४१५४६	९७५०००	३३४५४

२५. देहायका कार्यक्रम संचालन गर्न सामाग्री खरिद गरी बिल भपाई र दाखिला प्रतिवेदनको आधारमा रकम खर्च लेखेकोमा सम्बन्धितले बुझेको भर्पाई र कार्यक्रम संचालन भएको प्रमाण पेश नभएकोले अनियिमीत देखिएको रु. २२,९४,२३२/-

भौ.नं र मिति	विवरण	रकम
१२२,३/१६	स्वास्थ्य शाखाको लागि औषधि खरिद ९०० tab ciprofloxacin, १ लाख tab citamol	४९७०००
१३०,३/२०	लेडिज साइकल ९० थान अद्वैत स्टोर्सबाट खरिद गरी भुक्तानी	४९४९९९
१४२,३/२५	वि.पी.सेट ३० थान र वेट मेशिन २० थान खरिद	३०३४५३
१४९,३/२५	बालबिकास केन्द्रको लागि १० थान लेड टिभी समेत खेलकुद सामाग्री खरिद	५०००००
१४८,३/२५	वर्थिग सेन्टर व्यवस्थापन गर्न इनर्वाशिरा। मनहर्वा। अमलेखगंज स्वास्थ्य चौकी डेलिभरी सेट ७ थान समेत	४९८७८०
	जम्मा	२२९४२३२

२६. यस वर्ष सहकारी क्षेत्रमा रु.५५ लाख बजेट विनियोजन गरेकोमा रु.२३,५०,०००। खर्च भएको छ । अनुदान वितरण सम्बन्धि कार्यविधि स्वीकृत नगरी सहकारी संस्थालाई भवन निमार्णको लागि उपमहानगरपालिकाले अनुदान उपलब्ध गराएको देखिन्छ । यस्ता नीजि सहकारी संस्थालाई दिएको अनुदानको उपयोग र पालना गर्नुपर्ने शर्तको सम्बन्धमा सम्झौता गरेको छैन । यस तर्फ ध्यान दिनुपर्दछ ।

सहकारीको नाम	रकम
सिमरा महिला बचत तथा ऋण सहकारी संस्था	७८००००
कंचनपुर दध सहकारी संस्था	३९५०००
डुमरवाना दुध सहकारी संस्था	७८००००
अधुरो दुध चिस्यान केन्द्र उपभोक्ता सहकारी	३९५०००
जम्मा	२३५००००

२७. **आन्तरीक आय** :यस वर्ष रु ३०४८३८९२ को आन्तरीक आय असुली गर्ने लक्ष्य रहेकोमा रु २६५३७१७०। असुली भई लक्ष्यको ८७।०५प्रतिशत प्रगति भएको छ । आन्तरिक आय को सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

–आयकर ऐन २०५८ बमोजिम मूल्य अभिवृद्धि कर र प्यानमा दर्ता भएका फर्म, व्यक्ति, संग वाट पटके सवारीकर सरसफाई शुल्क असुल गर्नुपर्नेमा देहायका दर्ता नभएका लाई ठेक्का लगाई कारोवार गरेको छ ।

आय ठेक्का विवरण	ठेक्का लिनेको नाम	ठेक्का रकम
पटके सवारी कर	नविन अधिकारी	१८२७६७५
अमलेखगंज क्षेत्रको फोहरमैला	लक्ष्मण वहादुर श्रेष्ठ	७८१९९९

सरसफाई शुल्क		
पटके सवारी कर ठेक्का नं२	अरुण कंसाकार	७५००००
जम्मा		**३३५९६७५**

–पटके सवारी ठेक्का नं२ को ठेक्का लिने अरुण कंसाकारले ५० प्रतिशत रु ३२५०००। दाखिला गरे पनि सम्झौता अनुसार रु ७५०००० दखिला नगरेकोले वाकी रु ४,२५,०००। असुल गर्नुपर्ने रु.

–जितपुर ,सिमरा, डुम्मरवाना र फत्तेपुर वजारक्षेत्र भित्र लाग्ने अस्थाई हाट बजार वा घुम्ति पसलमा उठाइने कर र नगर क्षेत्रभित्र पार्किङ्ग शुल्कको लागी कमश १३ लाख, ३ लाख २५ हजार, १५ हजार र ६लाख ५ हजार गरी जम्मा रु २२,४५,००० तोकी २०७४।३।२ मा ठेक्का आव्हान गरेकोमा दरभाउपत्र पेश नभएकोले ठेक्कावाट आय असुली भएको देखिएन । उक्त क्षेत्रमा उपमहानगरपालिकाले आफैले कर असुली गरेको नदेखिएकाले आन्तरीक आय घटेको देखियो ।

४,२५,०००/-

२८. स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ५४ मा कानून बमोजिम बाहेक उपमहानगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था रहेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २(३) संग सम्वन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर र गैर करको व्यवस्था गरेको छ । जस अनुसार कर तर्फ सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), विज्ञापन कर, मनोरन्जन कर, व्यवसाय कर समेत ८ प्रकारका कर र गैर करतर्फ सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना समेत ३ प्रकारका गैरकर लगाउन सक्ने व्यवस्था रहेकोमा कार्यालयले कानून निर्माण नगरी दुई फर्म संग सम्झौता गरि अस्पताल, उद्योग, क्लिनिक, घरधुरी वाट कमश ५००।, २००। र ५०। सेवा शुल्क असुल गर्ने र असुली गरेको रकमको उपमहानगरपालिकालाई ५० प्रतिशत वुझाउने गरी सम्झौता भएकोमा रु. २,५५,३२५आन्तरिक आय असुली गरेको देखिएकोले कानूनी व्यवस्था गरेर मात्र कर तथा गैरकर असुली गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२९. **फोहरमैला शुल्कः**यस उपमहानगरपालिकाको जितपुर वजारको वडा नं. १,२,३,४ र ७ को घरधुरी, क्लिनिक,पसल, उद्योगवाट निस्केको फोहरमैला १०स्वीपर, १ सुपरभाइजर, १ सामाजिक परिचालकले ट्याक्टर, टिपर, रिक्सा र ठेला वाट संकलन गर्ने र वडा नं. १ स्थित दुधौरा खोला नजिकको खाली जग्गामा फोहर फाल्ने प्रयोजनको लागि नेपाल किलन एण्ड ग्रिन सिटि प्रा.लि. दिव्य चेतना युवा कल्व जे.भी. र नेपाल किलन एण्ड ग्रिन सिटि प्रा. लि. लाई प्रति महिना र १६२००० र २००१२३(मु.अ.कर सहित) भुक्तानी गर्ने र उक्त दुई फर्मले अस्पताल, उद्योग, क्लिनिक, घरधुरी वाट कमश ५००, २०० र ५० सेवा शुल्क असुल गर्ने एवं असुली गरेको रकमको५० प्रतिशत उपमहानगरपालिकालाई वुझाउने गरी सम्झौता भएकोमा रु. २,५५,३२५ दाखिला भएको देखियो । उक्त सम्झौतामा उपमहानगरपालिकाले चालक र इन्धन सहितको ट्याक्टर र टिपर उपलव्ध गराउने व्यवस्था पनि समावेश छ । यसका साथै सरसफाई क्षेत्रको घरधुरीवाट २५ प्रतिशत भन्दा कम सेवा शुल्क उठाएमा सम्झौता खारेज गर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

–सेवा शुल्क असुलि गर्ने सम्वन्धमा घरधुरी, क्लिनिक,पसल, उद्योगको तथ्यांक अद्यावधिक गरि लागत अनुमान तर्जुमा गर्ने र सो अनुसार आय ठेक्का वढावढ गरी आन्तरिक आय व्यवस्थापन गरेको देखिएन ।

–उपमहानगरपालिकाले कति सेवाग्राही वाट कुन दरले रकम असुली गरी उक्त संस्थाले राजश्व दखिला गरेको हो खुलासा हुने गरी श्रेष्ता राखेको देखिदैन । उपमहानगरपालिकाले आम्दानी रसिद उक्त संस्थालाई दिने र रसिदको जोडजम्मा गरेर आम्दानी यकिन गर्ने गरेको देखियो ।

–सम्झौतामा सरसफाई क्षेत्रको घरधुरीवाट २५प्रतिशत भन्दा कम सेवा शुल्क उठाएमा खारेज गर्ने व्यवस्था गरेको छ । तर सेवाग्राहीको तथ्यांक अद्यावधिक नगरेको कारण सेवा शुल्क असुली प्रतिशत यकिन गर्ने अवस्था छैन ।

२९.१ उपमहानगरपालिकाले फोहोरमैला ढुवानी गर्ने ट्यांकर टिपर र इन्धन मर्मत र चालक बापतको खर्च व्यर्होने गरेको र आम्दानीको ५० प्रतिशत र प्रति महिना रु.३,६२,१२३। का दरले बार्षिक रु.४३,४५,७४६। र असुल गरेको राजश्वको ५० प्रतिशतसमेत रु.४६,००,८०१ उक्त २ संस्थालाई भुक्तानी गरेकोले खर्चको व्ययभार बढेको देखिएको छ । यसतर्फ सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

२९.२	सेवा शुल्क नर्तिने सेवाग्राहीलाई उपमहानगरपालिकाले कुनै कारवाही नगरेको उक्त २ संस्थाले दिएको मासिक प्रतिवेदनमा उल्लेख भएकोमा नतिर्नेको अभिलेख राखी शुल्क असुल गरेको छैन ।	
२९.३	यसर्थ फोहोरमैला संकलन,ढुवानी र व्यवस्थापनको लागीआय ठेक्का वढाबढ गरी आन्तरिक आय व्यवस्थापन गर्न उपमहानगरपालिकाले ध्यान दिनुपर्दछ ।	
२९.४	मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । आन्तरिक राजश्व कार्यालय, बिररगंजका देहाय बमोजिमका पार्टीहरुले यस कार्यालयबाट लिएको मूल्य अभिबृद्धि कर दाखिला नगरी शुन्य विवरण मात्र देखाउँदै आएका छन् । तसर्थ उक्त मूल्य अभिबृद्धि कर सोको दस्तुर ,जरिवाना र ब्याज समेत असुली गर्नुपर्ने रु. करदाता | स्थायी लेखा नम्बर | भुक्तानी रकम | मूल्य अभिबृद्धि कर रकम नेपाल क्लिन एण्ड ग्रिन सिटी प्रा.लि. | ६०१२३६१९४ | १६२०००० | २१०६०० नेपाल क्लिन एण्ड ग्रिन सिटी प्रा.लि. दिव्य चेतना युवा समाज | ६०६१५११८ | २४०१४७६ | ३१२१९१.९ जम्मा | ५२२७९१.९	५,२२,७९१/-
३०.	**सटर आयः**यस वर्ष उपमहानगरपालिकाले निर्माण गरेका डवल सटर वाहिर १६००, भित्र १४००, सिगल सटर भित्र १३००र वाहिर १५०० प्रति कोठाका दरले वहाल विटौरी शुल्क लगाइने आर्थिक ऐन २०७४मा उल्लेख छ । यस वर्ष गुदरी वजार र मिना वजारका १०० र ३२ सटर वाट वहाल रु २७,४९,५६९। असुली गरेको देखिएको छ । वहाल लिने व्यक्तिको सम्झौतानुसार व्यक्तिगत विवरण सहितको खाता नराखेकाले उल्लेखित दररेट अनुसार असुली भएको सुनिश्चित गर्न सक्ने अवस्था देखिएन । यसर्थ नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्छ । –चलचित्र हल व्यवसायमा रु १५००र जादु ,चटक सर्कस र रमाइलो मेला को प्रतिदिन रु १०००देखि रु १००००सम्म स्तर हेरी प्रमुखले तोक्ने उल्लेख भएकोमा चलचित्र घर संचालन भएतापनि रकम असुल गरेको देखिएन ।	
३१.	उपमहानगरपालिकासँग ५ टिपर, १ ग्रेडर, २ ब्याकहो लोडर, ५ ट्याक्टर गरी १० वटा निमार्ण उपकरण चालू अवस्थामा रहेका छन् । यस्ता निर्माण उपकरणको उपयोग, इन्धन खर्चको अद्यावधिक रेकर्ड राख्नुपनेर्मा राखेको छैन । यस्ता यान्त्रिक उपकरणको प्रयोगबाट आन्तरिक आय पनि गरेको छैन । यस्ता उपकरणको प्रयोग कार्यविधि तर्जुमा गरेको छैन । यस्ता साधनको खरिदमा उपमहानगरपालिकाले ठूलो धनराशी खर्च गरेको छ । तर उपभोक्ता समिति मार्फत कार्यान्वयन गरेका कार्यक्रममा बाह्य निर्माण व्यवसायीबाट उपकरण भाडामा ल्याई कार्यक्रम संचालन गरेको भनी उपभोक्ता समिति मार्फत खर्च लेख्ने गरेको छ । यसबाट खर्च दोहोरो हुने ,खरिद गरेका यान्त्रिक उपकरणको समूचित उपयोग भएको स्थिति देखिएन । यस तर्फ ध्यान दिनुपर्दछ ।	
३२.	**व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ उपमहानगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ ।भौ.नं४०९,०७५।२।१०,५८९,०७५।३।२५बाट सार्वजनिक नीजि साझेदारी अर्न्तगत व्यवसाय कर रु.७,६३,०००। को २० प्रतिशत उद्योग बाणिज्य संघ जितपुरलाई श्रावण देखि आषाढसम्मको रु.१,५२,६००। फिर्ता खर्च लेखेको छ । यस बर्ष व्यवसाय करको रु.१५,५८,७९७। को लक्ष्य लिएकोमा रु.७,६३,०००। मात्र असुली भएको छ । व्यसाय कर संकलन अभिबृद्धि गर्ने प्रयोजनका लागि भनी नगर उद्योग बाणिज्य संघलाई फिर्ता गरेतापनि व्यवसाय कर असुली लक्ष्यको तुलनामा ४८.९४ प्रतिशत मात्र असुली भएको छ । कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीको अभिलेख समेत नराखेकोले लगत राखीव्यवसाय कर लगाई आन्तरिक आम्दानी वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

३३.	आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(१) बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १३(१) बमोजिम आफ्नो जिम्मा भएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उपदफा २ बमोजिम म्यादभित्र दाखिला गर्न नसके म्याद थपको अनुरोध गरेमा मनासिव भए म्याद थप हुनसक्ने र उपदफा ४ बमोजिम सो अनुरुप नगर्ने उपर जरिवाना एवं विभागीय कार्वाही समेत गर्ने उल्लेख छ । उठेको रकम दाखिला भएको भिडान गर्ने म.ले.प. फा नं.१०८, १०८(क) समेतको लेखा नराखेबाट असूली भएको रकम दाखिला भएको छ छैन यकिन गर्ने अवस्था रहेन । कार्यालयले आन्तरिक आम्दानी दुरुस्त राख्नु पर्दछ ।	
३४.	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ ।नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व,नगर र नदी सरसफाई पर्दछन् । डम्पिंग साईड निर्माणको एकीकृत बहु वर्षे योजना पेश भएन ।सेनेटरी पार्क (डम्पिङ्ग) साइट निर्माण उपमहानगर पालिकाको वार्ड नं. ५ स्थित वकुलिया खोलाको पूर्व पुधौरा खोला किनारमा फोहोर गरी ५९,७६,९३५। (भ्याट ओभर हेड समेत) मा २०७३।२।१५गते सम्झौता भएको देखियो । सम्झौता अनुसार निर्माण व्यवसायी सिजन कन्सट्रक्शन सिमरालाई २०७४।२।१७ मा रु १०५००००। पेश्की दिएकोमा साइट उपलब्ध हुन नसकेकोले कार्य सुचारु गर्न नमिलेको भनि नगर कार्यपालिकाको २०७४।९।१४गतेको वैठकवाट महेन्द्र राजमार्ग वाट दक्षिण दुधौरा खोलाको किनारमा वनको क्षेत्र भित्र वोटविरुवा उम्रिन नसक्ने खाली रहेको करिव १० विगाहा जग्गामा सेनेटरी पार्क निर्माण गर्ने निर्णय भएको व्यहोरा उल्लेख गरी निर्माण व्यवसायीलाई २०७४।११।२९ मा कार्यादेश दिएको छ । उक्त कार्यादेशमा कार्यतालिका समेत उल्लेख गरेको छैन । निर्माण कार्यको साइट परिर्वतन भएको, पूर्व निर्धारित निर्माण कार्य हुन नसकेको अवथामा सम्झौता रद्ध गरि पुन वोलपत्र माग गरेको देखिएन । निर्माण कार्यको boundary wall को first running bill वापत रु २,१०,०००। पे.फ. गरी रु १३,९२,९१४। भुक्तानी दिएको छ । निर्माण स्थल राष्ट्रिय वन क्षेत्रको भएको र फोहोर फ्याक्ने र डम्पिङ्ग साइट निमार्ण कार्य वन ऐन २०४९ तथा वन नियमावली २०५१ को प्रतिकुल हुने व्यहोरा दर्शाई सम्वन्धित वन कार्यालय र सरोकारवालाबाट अवरोध उत्पन्न भई पुर्ननिमार्ण कार्य अलपत्र परेको देखिएको छ । डम्पींग साइटको निमार्ण पूर्व गर्नुपर्ने संभाव्यता अध्ययन लगायतका कार्य नगरी कार्यादेश दिएकोले रु.२४,४२,९१४। थप व्ययभार भएको रु.	२४,४२,९१४/-
३५.	सार्वजनिक खरिद नियमावलि २०६४को नियम १२० मा काबु बाहिरको परिस्थितिको कारण काममा ढिलाई भएको लगायतमा सम्भौताको म्याद थप गर्न सकिने व्यवस्था छ ।यस वर्ष सम्झौता भई म्याद गुज्रेका सबै कार्यक्रम/ योजनाको सम्झौता म्याद एकमुष्ट रुपमा आ.व. २०७५।७६ सम्म म्याद थप गरेको छ । यसरी म्याद थप गरेको योजनाको निर्माण व्यवसायीको Performance bond / advance payment gurantees को म्याद थप नविकरण नभएको र कार्यक्रम समयमा सम्पन्न हुन नसकेको कारणको वारेमा आवधिक समिक्षा गरी आवश्यक कार्वाहि गर्ने गरेको छैन । यसवाट योजना समयमा सम्पन्न हुन नसकि पेश्की फछ्र्यौट नहुने योजनाको कार्यान्वयनवाट समूदायले लाभ लिन नसक्ने र अपव्यय हुने अवस्था सृजना भएको छ,। यस तर्फ धान दिनु पर्दछ ।	

ठेकेदारको नाम	PRbond/APG रकम	सम्झौता रकम	निर्माण कार्य	सम्पन्न गनुपर्ने	PRbond/ APGम्याद गुज्रेको अवधि
चन्दन एण्ड हरिओम कन्ष्ट्रक्सन	७१२१५८	३७३६६९२	जितपुर – वकुलिया सडक खण्डमा पक्किनाला निर्माण(७,५,१२)	२०७५।३।१५	२०७५।८।२९
,,	४७२६३९	२४९६५०४	इनर्वासिरा – फत्तेपुर ड्रेन निर्माण(१२,१९)	२०७५।३।१५	२०७५।८।२९
,,	४७२६३९	२४९६५०४	शिशवशक्ति रमौली – वसडिलौवा वसन्तपुर(	२०७५।३।१५	२०७५।८।२९

			८,१९,२०)		
,,	४७२६३९	२४९६५०४	वालुवा वेहरा, छाता पिपरा राजेश मेटल रोड(८,९,१०)	२०७५।३।१५	२०७५।८।२९
सिजन कन्शट्रक्शन	२९९०००	५९७६९३२	डम्पिङ्ग साइट	२०७४।३।२५	२०१८।२।१५
,,	१०५००००	१०५००००	,,	,,	२०१७।५।३०

३६. उपमहानगरपालिकाले यस वर्ष सोलार वत्ति जनसहभागिता वाट ३० प्रतिशत अनिवार्य हुने गरी रु ५० लाख वजेट विनियोजन गरेको मा वित्तिय र भौतिक प्रगति शुन्य रहेको छ । ४९ वटा सोलार स्ट्रिट लाइट सप्लाई र जडानको लागी २०७५।१।५मा वोलपत्र माग गरेकोमा लागत अनुमानको १२.६९प्रतिशत घटिमा वटुक भैरव कन्सट्रक्शनको रु ५४१४५००। (भ्याट समेत) मा सम्झौता भएको छ । उक्त कार्य सम्झौतानुसार २०७५।१०।२ सम्म सम्पन्न हुनुपर्नेमा लेखापरीक्षण अवधि (२०७५।९।१२) सम्म पनि कार्य सुचारु भएको देखिएन । सोलार स्ट्रिट लाईटका लागि जनसहभागिता ३० प्रतिशत जुटाउने गरी उपभोक्ता समिति संग सम्झौता पनि भएको छैन । आयोजनाको कार्यान्वयन तोकिएको समयावधि भित्र सम्पन्न गर्न आवश्यक ध्यान दिनु पर्दछ ।

३७. सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा कुनै वोलपत्र दाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो वोलपत्र रद्ध हुने उल्लेख छ । यस कार्यालयवाट निर्माण उपकरण र सवारी साधनको वोलपत्र प्रकाशित भएकोमा १वोलपत्र दाखिला भएकोमा ३ ठेक्कामा १.५१ प्रतिशत भन्दा कम र एक ठेक्कामा ८ प्रतिशत घटिको वोलपत्र पेश भएको छ । सार्वजनिक खरिदमा पर्याप्त प्रतिस्पर्धा नभएको देखियो । यस तर्फ ध्यान दिनुपर्दछ ।

निर्माण उपकरणको नाम	ल.इ.	कवोल अंक	घटि प्रतिशत
4wd motor grader 1	१२००००००	११९०००००	०.८३प्रतिशत
4wd hard top jeep	४९७२०००	४९६००००	०.२४प्रतिशत
4wd hydralic tipper[7.5wb]	३९५५०००	३८९५०००	१.५१प्रतिशत
4wdhydralictipper [5cub mt]	५९८९०००	५५०००००	८.१६प्रतिशत

३८. **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले कानूनी व्यवस्था विपरित निम्नानुसार खरिद गरेको देखिएकोले रु.४१९२६८४को खरिद कार्य अनियमित देखिएको रु. ४१,९२,६८४/-

सामानको विवरण	रकम
फर्निचर	२३७०२२१
मेशिनरी औजार	८७४७९६
सरसफाई सामाग्री	९४७६६७
जम्मा	४१९२६८४

३९. **गाडी भाडा खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ अनुसार अधिकार प्राप्त अधिकारीले खर्च गर्दा मितव्ययीता तथा खर्चको औचित्यता समेत मध्ये नजर राखेर खर्च गर्नुपर्दछ । कार्यालयले पदाधिकारीहरुको यातायातको लागि सवारी साधन रहेको अवस्थामा समेत अन्यत्रबाट गाडी भाडामा लिएको सम्झौता पेश गरी गाडी भाडा बापत रु.१०,३९,५००। खर्च लेखेको छ । कार्यालयमा सवारी साधन हुँदा हुँदै सवारी साधन भाडामा लिई खर्च लेख्नु मनासिव देखिएन । यसमा सुधार हुनुपर्ने देखिन्छ ।

४०. **मध्यकालिन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।

४१. **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १.९८प्रतिशत, दोश्रो चौमासिकमा ४.८५ प्रतिशत, तेश्रो चौमासिकमा ९३.१७ प्रतिशत र आषाढमा ३८.७ प्रतिशत खर्च गरेको देखिएको छ । कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा सन्चालन गरिने कार्यक्रम र सो कार्यक्रममा खर्च हुने बजेटको व्यवस्था गरिएको र सोही कार्यक्रम अनुसार खर्च व्यवस्थापन हुनुपर्नेमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको चौमासिकमा कार्यक्रम सन्चालन हुन नसकी तेश्रो चौमासिक र आषाढमा मात्र खर्चको बोझ बढी भएको देखिन्छ । तोकिएको चौमासिक अवधिमा खर्च नहुंदा सम्पादित कार्यको पर्याप्त अनुगमन नहुने, गुणस्तर कायम नहुने र आन्तरिक नियन्त्रण प्रभावकारी नहुने हुँदा यसतर्फ कार्यालयले आवश्यक ध्यान दिइ वार्षिक कार्यक्रम अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

बजेट उपशिर्षक	कुल खर्च रु. हजारमा	चौमासिक खर्च			
		प्रथम चौमसिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	असाढ महिना
पुजीगत खर्च	२४६१५०२६३	४८७६९९४	११९३५६४१	२२९३३७६२८	९५२६९३३५
खर्च प्रतिशत		१.९८	४.८५	९३.१७	३८.७

४२. **विशेष भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचालन खर्च पाउने व्यवस्था छ । वित्तिय समानीकरण तर्फबाट प्राप्त रकममा नगरसभाद्धारा पारित गरी आर्थिक प्रशासनिक तथा दरबन्दीमा कार्यरत कर्मचारीको क्षमता अभिबृद्धिको लागि भनी खाइपाई आएको तलबको २५ प्रतिशत रु.२५,३१,२७१। खर्च लेखेको छ । केन्द्रिय बजेट स्पष्ट आधार एवं कार्यविधि विना रकम भुक्तानी गरेको पाइएकोले कार्यविधि वनाई वास्तविक कार्यको आधारमा मात्र खर्च भुक्तानी गर्नुपर्दछ ।

४३. कार्यालयले उपमहानगरपालिका प्रमुखको स्वकीय सचिव र उपप्रमुखको स्वीकय सचिव नियुक्ती गरेको भनी दिवाकार भण्डारी र मनोज कुमार शाहलाई रु.२,०४,७२३। खर्च लेखेको छ । दरबन्दी वेगर कर्मचारी भर्ना गरी खर्च लेखेको नियमसम्मत देखिँदैन ।

४४. कर विजक:मुल्य अभिबृद्धी कर नियमावली २०५३ को नियम ६क वमोजिम सार्वजनिक निकायले खरिद संझौता र मूल्य अभिवृद्धिकर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । देहायका फर्मवाट भुक्तानी लिएको मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु. २,४६,१५६/-

भौ.न र मिति	स्थायी लेखा नम्बर	करदाताको नाम	भुक्तानी रकम	मू.अ.कर
३३/०७४/६/५	३०१५३३४४९	लक्ष्मी टेडर्स	८२७२४	१०७५४
४५/०७४/६/१०	३०१५३३४४९	लक्ष्मी टेडर्स	३८४४८	४९९८
९६/०७४/८/४	३०२९१७५९८	राजन एण्ड सप्लायर्स	६५१६०	८४७१
९८/०७४/८/४	६०४२८१६०१	काव्य पब्लिकेशन	२२८८५०	२९७५१
१४२/०७४/९/११	६०४२८१६०१	साहिल सेक्युरिटी सर्भिस प्रा.लि.	३९६००	५१४८
२०१/०७४/१०/०९	६०४२८१६०१	काव्य पब्लिकेशन	१४७५७६	१९१८५

२८९/०७४/१२/७	६०४३६९६६०	नेपाल मिडीया हाउस प्रा.लि.	११२२००	१४५८६
२८३/७४/१२/५	३०४८३०२९७	सेभेन पी आर सप्लायर्स	४८३९०	६२९१
२५३/७४/११/९	६०४२८१६०१	काव्य पब्लिकेशन	३७७२६०	४९०४४
३०५/७४/१२/१८	६०४२८१६०१	काव्य पब्लिकेशन	७६३००	९९१९
३७२/०७५/१/२७	६०४२८१६०१	काव्य पब्लिकेशन	१०१८८०	१३२४४
३५०/०७५/१/२१	३०१९१७२६७	आर्दश अफसेट प्रेस	५६१४०	७२९८
३१४/७५/२/३	३०१९१७२६७	प्राणनाथ हार्डवेयर स्टोर्स	८८२२२	११४६९
४४०/७५/२/२९	६०४२८१६०१	काव्य पब्लिकेशन	८०५००	१०४६५
४७३/७५/३/१२	३०२९१८८१६	तराई अफसेट प्रेस	७३१०४	९५०४
५४०/७५/३/२०	६०४०१८२८७	कसुम सप्लायर्स	२७७१५०	३६०३०
जम्मा			१८९३५०४	२४६१५६

४५. **एकमुष्ट कर दाखिलाः** आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ बमोजिम श्रोतमा कर कट्टी गरेको रकम खर्च लेखेको बखत नै संचित कोष दाखिला गर्नुपर्नेमा बर्षान्त पश्चात् विभिन्न मितिमा रु.६०,८१,९२९। दाखिला गरेको छ । अग्रिम कर कट्टी बापतको रकम खर्च लेखेको समयमा नै दाखिला गर्नुपर्दछ ।

भौ.नं मिति	रकम
६२३,०७५/३/३२	१८९४५९६
०७५/३/३२	१७८२१६६
०७५/३/३३	२४०५१६७
जम्मा	६०८१९२९

तरRevenue management information system (RMIS) मा रु.४७,३५,२०८। मात्र दाखिला भएको देखिँदा बाँकी रकमको सम्बन्धमा एकिन गरी प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. — १३,४६,७२१/-

४६. **शिक्षा तर्फः**

४६.१ **बढी निकासा**– कार्यालयले विद्यालयतर्फ प्रथम चौमासिक निकासा गर्दा जम्मा पाउनुपर्ने रकमको एक पटक ६५ प्रतिशत र अर्को पटक ३५ प्रतिशत गरी निकासा गरेको छ । यसरी निकासा गर्दा ६५ प्रतिशत निकासामा जम्मा पाउनुपर्ने रकम भन्दा वढी निकासा भएको र उक्त रकम पछि ३५ प्रतिशत निकासा गर्दा वढी रकम नघटाएको कारणले पाउनुपर्ने रकम भन्दा वढी रकम निम्न विद्यालयलाई निकासा गएकोले वढी निकासा रकम असुल उपर हुनुपर्ने रु — ९,७४,९६८/-

विद्यालयको नाम	निकासा भएको रकम	निकासा हुनुपर्ने रकम	वढी रकम
नेराउमावि सिमरा	४३८९०७६	४२८९०७६	१०००००

नेराउमावि वकुलिया	४२७२५८७	३६४०५८७	६३००००	
जनजागृत मावि सखुवाघाट	२९४५२४४	२८४५२४४	१०००००	
वालज्योति निमावि भवानिपुर	८६९०३०	७२४०६२	१४४९६८	
जम्मा			९७४९६८	

कार्यालयले विद्यालयगत निकासा किताव नराखेको कारणले विद्यालयगत निकासा एकिन गर्न सकिने अवस्था छैन । अन्य विद्यालयहरुलाई पनि वढी निकासा जान सक्ने अवस्था रहेकोले कार्यालयले छानविन गरी असुल उपर गर्नुपर्ने देखिन्छ ।

४६.२ ३३/२०७५/३/०८**राजिनामा पछिको पर्व खर्च**– ने.रा.उ.मा.वि. औराहा सिमरा मा कार्यरत राहत शिक्षक सरस्वती देवी चौधरीले २०७४ भाद्र महिनामा राजिनामा गरेको देखिन्छ । राजिनामा पश्चात स्थानिय तहमा निर्वाचित भई स्थानिय तहवाट पदाधिकारी तलब सुविधा लिएको देखिन्छ । राजीनामा पछि २०७५।३।८ मा भुक्तानी भएको पर्व खर्च रकम असुल उपर हुनुपर्ने रु — २२,१७०/-

४६.३ २१/२०७५/१/२०**अवकाश पछिको तलव भत्ता**– जिल्ला शिक्षा कार्यालय वाराको रेकर्ड अनुसार मावि मौवादेवी डकाहाका शिक्षक राजदेव चौधरी थारु २०७४।१२।३ मा अवकाश भएको देखिन्छ । कार्यालयले निज शिक्षकको नाममा चैत्र महिनाको पुरै निकासा गरेकोले वढी निकासा भएको रकम रु २७६५७असुल उपर हुनुपर्ने रु — २७,६५७/-

४६.४ **छात्रवृत्ति**– कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार कुनै पनी छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरणगर्ने र शैक्षिक सत्र २०७५ सालमा भर्ना भएकाले मात्र पाउने व्यवस्था गरेको छ । कार्यक्रमकार्यान्वयन निर्देशिका अनुसार १–८ छात्रा छात्रवृत्ति, ९–१० दलित छात्रवृत्ति र अपाङ्ग छात्रवृत्ति वितरण गर्ने व्यवस्था गरेको छ । यो वर्ष ९–१० दलित छात्रवृत्ति र अपाङ्ग छात्रवृत्ति वितरणका लागी जिल्ला शिक्षा कार्यालयले निकासा दिएको देखिन्छ भने उपमहानगरपलिकाले पनि सोही कार्यक्रममा रकम निकासा दिएकोले दोहोरो निकासा भएको देखिन्छ । यसरी एउटै कार्यक्रममा दुवैतिरवाट निकासा गएको रकम रु १,८५,५००। असुल उपर हुनुपर्ने रु — १,८५,५००/-

४६.५ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४ अनुसार जम्मा छात्रा संख्याको आधारमा छात्रवृत्ति रकम भुक्तानी गनुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले देहायका विद्यालयमा तोकिएको छात्रा संख्या भन्दा वढी लाई भुक्तानी दिएकोले उक्त रकम असुल उपर हुनुपर्ने रु — ६८,४००/-

विद्यालयको नाम	जम्मा छात्रा संख्या	छात्राछात्रवृत्ति संख्या	फरक संख्या	छात्रवृत्त दर	हुनुपर्ने निकासा	निकासा रकम	वढी निकासा रकम
नेरामावि अमलेखगंज	१३०	१५५	२५	४००	५२०००	६२०००	१००००
नेरामावि सिमरा	२३६	३६९	१३३	४००	९४८००	१४७६००	५२८००
नेराउमावि पथलैया	१३९	१५३	१४	४००	५५६००	६१२००	५६००
जम्मा							६८४००

४७. **कृषितर्फ**

४७.१ **तालिम तथा अनुगमन**- कार्यालयले आफूले वितरण गरेका सामग्रीको दिगो उपयोग गरी कृषकको आयस्तर बढाउन अनुदानमा सामग्री प्राप्त गर्ने व्यक्ति, संघ संस्थालाई समग्रीको उपयोग, संचालन र नियमित मर्मत सम्भारको लागि तालिम लगायतका आवश्यक प्राविधिक ज्ञान दिनुपर्दछ । कार्यालयले यसवर्ष वितरण गरेको अनुदानका सामग्रीहरुको उपयोग, संचालन र नियमित मर्मत सम्भारको लागि तालिम लगायतका आवश्यक प्राविधिक ज्ञान उपलव्ध गराएको छैन । अतः वितरित सामग्रीको नियमित र दिगो उपयोग गरी कार्यक्रमको उद्देश्य अनुरुप कृषकको आयस्तरमा बृद्धि भएको छ भनि आश्वस्त हुन सकिएन ।

४७.२ **अनुदानको अभिलेखः** कार्यालयले अनुदान दिएका संस्थाहरुको अभिलेख राख्ने गरेको देखिएन । जस वाट एउटै संस्था वा व्यक्ति लाई बिभिन्न शिर्षक वाट दाहोरो पर्ने गरी अनुदान भुक्तानी हुन सक्ने देखिन्छ । साथै गत बिगत बर्ष देखिका कार्यक्रम र प्रगती अवस्था समेत एकिन नहुने हुदा यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

४८. **स्वास्थ्य तर्फः**

न्यानो झोलाः-नेपालमा नवजात शिशुको मृत्युको प्रमुख कारण मध्ये संक्रमण र सिताङ्ग भएकोले सो रोकथामका लागि आ.व. ०७०।७१ देखि स्वास्थ्य संस्थामा प्रसुती गराउन आउने महिलालाई न्यानो झोला प्रदान गर्ने व्यवस्था निर्देशिकाले गरेको छ । स्वास्थ्य संस्थाले परिवार स्वास्थ्य महाशाखाले तोकेको स्पेसिफिकेशन अनुसारको न्यानो झोला स्थानीय स्तरमा उत्पादन वा न्यानो झोला उत्पादक/ वितरकवाट नेपाल सरकारको ऐन नियम अनुसार खरिद गरी सुत्केरी भए पश्चात तुरुन्त नवजात शिशु तथा आमालाई न्यानो लुगा लगाउने व्यवस्था मिलाउनु पर्ने व्यवस्था निर्देशिकामा रहेको छ । कार्यालयले यस कार्यक्रममा ५४२ थान न्यानो झोलाको रु.४,८५,६८०।- खर्च गरेको छ ।नगरपालिका अर्न्तगत जम्मा २ वटा मात्र birthing center रहेको देखिन्छ । यस वर्ष जम्मा ५६ जनाले मात्र प्रसुती सेवा लिएको देखिन्छ । तुलनात्मक रुपमा जम्मा ५६ जना प्रसुती भएकोमा ठाउमा ५४२ थान न्यानो झोला खरिद भएकोमा ४८६ झोलाको भपाई पेश नभएको अवस्थामा अवस्थामा यसको उपयोगिता सम्बन्धमा आश्वस्त हुन सक्ने आधार देखिएन । तसर्थ खर्च गर्दा आवश्यकतामा आधारित रही मितव्ययी हुनुपर्दछ ।

४९. सम्पत्ति हस्तान्तरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा उपमहानगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

५०. **कन्टिन्जेन्सी खर्चः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट ,स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था गरी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । यो वर्ष कार्यालयले रु.११,९०,४५३।कन्टिन्जेन्सी खर्च लेखेकोमा कुन कुन निर्माण कार्यको लागि के कति कन्टिन्जेन्सी व्यवस्था गरेको र सो मध्ये के कति खर्च भएको छ कन्टिन्जेन्सी व्यवस्था र खर्चको अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च सम्वन्धमा एकिन गर्न सकिएन ।

५१. **सम्भाव्यतता अध्ययन-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैंयाभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सन्चालित कुनै पनि योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुने, हुन सक्ने हुंदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सन्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५२. **योजनामा ५ लाखभन्दा कम विनियोजनः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट नगरपालिकाले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नुहने व्यवस्था छ । उपमहानगरपालिकाबाट प्राप्त विवरण अनुसार निर्देशिका विपरित विभिन्न योजनाहरुमा रु.५ लाख भन्दा न्यून बजेट बिनियोजन गरी रु.१ करोड ५३ लाख खर्च गरेको छ । अतः कार्यविधिले तोके अनुसार पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ ।

सि.नं.	आयोजनाको नाम	संचालन स्थान	रकम रु. (हजारमा)
१	छटघाट मर्मत सम्भार	वडा नं. १० नितनपुर, बेहरा, बलुवा	१००
२	गेट निर्माण	वडा नं. १७ जैतापुरमा रहेको ने.रा.मा.वि.मा	१००

३	ग्रामीण विधुतिकरण	वडा नं. १०	१५०	
४	चौतारा निर्माण	रामवन	२००	
५	महिलाहरुको लागि आयमूलक तालिम	वडा न ४	२००	
६	युवाहरुलाई स्वरोजगार मूखि तालिम	वडा न ४	२००	
७	व्यूटिसियन तालिम	जीतपुर वडा नं ७	२००	
८	सिचाई कुलो निर्माण	वडा नं. १० नितनपुर टोल	२००	
९	लोक सेवा तयारी कक्षा संचालन	वडा नं. १०	२००	
१०	मदर्सा निर्माण	बेहेरी टोलमा	२००	
११	विद्यालय भवन निर्माण	प्रगति प्रा.वि.	२००	
१२	पर्खाल निर्माण	जनचेतना प्रा.वि.	२००	
१३	पुलको पखेटा निर्माण	हात्तिसार बजार र सानो डुमरवाना जोडेने बाटो	२००	
१४	ब्यूटिसियन तालिम	महिलाहरुको लागि	२५०	
१५	भवन निर्माण	भक्तिनगरमा अवस्थित अधुरो मगर संघ	२५०	
१६	प्लमबिङ्ग तालिम	वार्ड नं.१	२५०	
१७	लोकसेवा आयोगको कक्षा संचालन गर्ने	वडा नं. २	२५०	
१८	व्यूटिसियन तालिम	वार्ड नं. ९	२५०	
१९	सिलाई कटाइ तालिम	वार्ड नं. ९	२५०	
२०	ब्यूटिसियन तथा सिलाई कटाई	वडा नं. १०	२५०	
२१	सिपमूलक तथा आयआजर्न तालीम (सिलाईकटाई)	जि.सि.उ.म.न.पा. वडा नं. २० का महिलाहरुको लागि	२५०	
२२	लोक सेवा आयोग तयारी कक्षा		३००	
२३	आयमूलक तालिम	वडा नं.३	३००	
२४	डकर्मी तालिम	वडा नं. ५ भित्र	३००	

	२५	लोकसेवा तालिम	वडा नं. ५ भित्र	३००	
	२६	सिलाई कटाई तालिम	जीतपुर वडा नं ७	३००	
	२७	सिलाई कटाई तालीम	वडा नं. ८	३००	
	२८	लोकसेवा आयोग तयारी कक्षा	वार्ड नं. ९	३००	
	२९	अधुरो एक कोठे भवन निर्माण	वडा नं. १० श्री ने.रा.प्रा.वि. बलुवा विद्यालयमा	३००	
	३०	माटोपुरी तथा ग्रेभल गर्ने	वडा नं. १० संजय साहको घर देखि पूर्व झकड महतो घर सम्म, शम्भु महताको घरदेखि मेनबाटो र महेन्द्र ठाकुरको घर देखि मेनेजरको घर सम्म	३००	
	३१	बाटो मर्मत तथा ग्रावेल	भरत रेग्मीको घर हुदै जंगल सिमाना सम्म	३००	
	३२		गौतमजीको घर देखि चौलागाईको घर छेउको पैनी सम्म	३००	
	३३	सामुदायिक मर्मत	धागड बस्तीमा	३००	
	३४	अधुरो मन्दिर निर्माण	नयाँ वस्ती अवस्थित नव दुर्गा मन्दिर	३००	
	३५	अधुरो भवन निर्माण	ठुलो डुमरवाना चौधरी टोल स्थित सामुदायिक भवन	३००	
	३६	लोक सेवा तयारी तालिम	शिक्षित वेरोजगार यूवाहरुको लागि	३५०	
	३७	कृषकहरुलाई तालीमको व्यवस्था (तरकारीखेती , विउविजन, रोग सम्बन्धी)	जि.सि.उ.म.न.पा. वडा नं. २० का कृषकाहरुको लागि	३५०	
	३८	बाटो ढलान	भक्तिनगर देखि पश्चिम हाइवे सम्म	४००	
	३९	सामुदायिक भवन निर्माण	फर्दुवा टोलमा	४००	
	४०	सिलाईकटाई तालिम	वडा नं. ५ भित्र	४००	
	४१	स्लेप ढलान	नवलजी र शम्भु जीको घर बाट	४००	
	४२	,,	राजेन्द्र जमकट्टेलको घर देखि वोरिङ टोल सम्म	४००	
	४३	कर्ल्भट निर्माण	भैसी जेठाको घर नजिक	४००	
	४४	पशुपति मन्दिर मर्मत	मौलापुरमा	४००	
	४५	कर्ल्भट निर्माण	टिका चौलागाईको घर जाने बाटोमा	४००	

४६	कर्ल्भट निर्माण	बेहेरी गाउँमा	४००	
४७	स्टोर भवन निर्माण	जनता मा.वि.मा संचालनमा रहेको कृषि प्राविधिक शिक्षालय	४००	
४८	कर्ल्भट निर्माण	बोरिङ टोलबाट खयर घारी जाने बाटो	४००	
४९	घेराबार तथा पर्खाल निर्माण	जनकल्याण आधारभुत नि.मा.वि.,भवानीपुर नि.मा.वि.,सुक्लैया प्रा.वि.	४००	
५०	माटोपुरी ग्राभेल कार्य	छठु प्रसादको घरदेखि बाबाको मठ सम्म	४००	
५१	बाटो ढलान तथा पक्की नाला निर्माण	आजाद टोलमा मेन बाटो देखी रुस्तम देवानको घर सम्म	४००	
५२	बाटो ढलान तथा पक्की नाला निर्माण	आजाद टोलमा मेन बाटो देखी हविव मियाको घर सम्म	४५०	
	जम्मा		१५३००	

५३. **पेशिक बाँकि:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८१ बमोजिम तोकिएको अवधिमा पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ ।आर्थिक वर्षको अन्त्यसम्ममा पनि देहाय बमोजिम विभिन्न व्यक्तिको नाममा रु.२०५९६८०८/-पेशिक बाँकि देखिएकोले नियमानुसार फछर्यौट गर्नुपर्ने देखिएको रु. २,०५,९६,८०८/-

विवरण	नाम	पद	रकम	पेश्की मिति
सामाजिक सुरक्षा	गोपाल कूमार केशरी	वडासचिव	२,१०८,४००।००	
सामाजिक सुरक्षा	रविन्द्र राम	वडासचिव	१,७०७,६००।००	
सामाजिक सुरक्षा	बिजयकान्त झा.	वडासचिव	३,१४०,०००।००	
सामाजिक सुरक्षा	अनिल मिश्रा	वडासचिव	७८,०००।००	
सामाजिक सुरक्षा	संगिता कूमारी चौधरी	वडासचिव	११३,६००।००	
सामाजिक सुरक्षा	हरिकिसोर साह कानू	वडासचिव	७५,२००।००	
सामाजिक सुरक्षा	उमाकान्त पौडेल	वडासचिव	८५,६००।००	
सामाजिक सुरक्षा	अशोक पाण्डे	वडासचिव	४,८००।००	
सामाजिक सुरक्षा	जीवन कूमार क्षेत्री	वडासचिव	५,६००।००	
सामाजिक सुरक्षा	घनसयाम चौधरी	वडासचिव	७४,८००।००	

सामाजिक सुरक्षा	राजेश सूवेदी	वडासचिव	१,७३४,६००।००		
सामाजिक सुरक्षा	दिल्ली प्रसाद ढूडगाना	वडासचिव	७५,८००।००		
सामाजिक सुरक्षा	अनिल पासवान	वडासचिव	१,५३३,६००।००		
सामाजिक सुरक्षा	कृष्णनाम चौधरी	वडासचिव	९४,४००।००		
सामाजिक सुरक्षा	लक्ष्मी लामा	वडासचिव	११,२००।००		
सामाजिक सुरक्षा	अनिल विशवकर्मा	वडासचिव	४६,४००।००		
सामाजिक सुरक्षा	विरेन्द्र वाईबा	वडासचिव	४०४,८००।००		
कूल जम्मा			११,२९४,४००।००		
सर्शत	अनुष था	मे अ	२५०,०००।००		
सर्शत	बाबूलाल सहनी	मे अ	२३२,०००।००		
कुल			४८२,०००।००		
पदाधिकारी र कर्मचारी पेश्की					
सवारी मर्मत	सुरज महतो	लोडरअपरेटर	१५४६८	०७४।०७।२४	
दुर्घटना उपचार	सरस्वती देवी चौधरी	उपप्रमुख	५००००	०७४।०९।१३	
बैठक भत्ता	नवराज ढुंगेल	सहायकचौथो	१०००००	०७४।०९।२६	
सवारी मर्मत	बच्चा सिंह दनुवार	हस चालक	३५०००	०७४।१२।१५	
बैठक भत्ता	नवराज ढुंगेल	सहायकचौथो	२५००००	०७५।०३।०८	
सवारी मर्मत	बच्चा सिंह दनुवार	हस चालक	१५०००	०७५।०२।११	
			४६५४६८	जम्मा १	
वडास्तरीय योजना	स्वास्थ्य चौकी जाने बाटो ढलान उ स २४	उपभोक्तासमिति	१०००००	२०७५।०२।२७	
वडास्तरीय योजना	नहरटोल सडक ढलान उ स२४	उपभोक्तासमिति	१२००००	२०७५।०२।२७	
वडास्तरीय योजना	बाटो ढलान तथा पक्की नाला निर्माण २३	उपभोक्तासमिति	७००००	२०७४।११।२७	
वडास्तरीय योजना	बाटो ढलान तथा पक्की नाला निर्माण २३ भलुही ब्राहना	उपभोक्तासमिति	४५०००	२०७४।११।२७	

	वडास्तरीय योजना	बाटो ढलान तथा पक्की नाला निर्माण २३ ताजपुर	उपभोक्तासमिति	९००००	२०७४।११।२७		
	वडास्तरीय योजना	बाटो ढलान तथा पक्की नाला निर्माण २३ भलही	उपभोक्तासमिति	८००००	२०७४।११।२७		
	वडास्तरीय योजना	बाटो ढलान तथा पक्की नाला निर्माणउ स २३ नारायणी छाला मिल सम्म	उपभोक्तासमिति	९५०००	२०७५।०१।१९		
	वडास्तरीय योजना	चुरीयामाई पक्की डयामउ स२१	उपभोक्तासमिति	५००००	२०७५।०१।१०		
	वडास्तरीय योजना	सार्वजनिक भवन निर्माण उ स १७	उपभोक्तासमिति	५००००	२०७४।१२।१४		
	वडास्तरीय योजना	जनकल्याण अधारभूत विधालय पर्खाल उ स १५	उपभोक्तासमिति	१५०००	२०७५।०२।१७		
	वडास्तरीय योजना	बाटो मर्मत तथा ग्भलउस१४ भरत रेग्मीको घर	उपभोक्तासमिति	५००००	२०७५।२।२७		
	वडास्तरीय योजना	पक्की नाला तथा बाटो ढलान उ.स.१२	उपभोक्तासमिति	५००००	२०७४।११।११		
	वडास्तरीय योजना	रायटोल निर्माण तथा संभार उ स १२	उपभोक्तासमिति	५००००	२०७४।१२।२१		
	वडास्तरीय योजना	रमौली गम्हरवा बाटो निर्माणउ.स. ८	उपभोक्तासमिति	५५०००	२०७४।११।२७		
	वडास्तरीय योजना	लोसन्डा कल्भर्ट निर्माण उ.स. ८	उपभोक्तासमिति	५००००	२०७५।०१।०३		
	वडास्तरीय योजना	रामटोल पक्की नाला निर्माण उ स ७	उपभोक्तासमिति	१५०००	२०७५।०२।१७		
	वडास्तरीय योजना	नासिमा पक्की नाला निर्माण उ स ५	उपभोक्तासमिति	१०००००	२०७५।०२।२७		
	वडास्तरीय योजना	समूदायिक भवन निर्माण उ.स.५	उपभोक्तासमिति	१०००००	०७५।०३।२४		
				११८५०००	जम्मा २		
	कार्यालय भवन निर्माण	डि.एण्ड. आर. कन्ट्रक्सन सिमरा	निर्माणव्यवसायी	२६४०००	०७४।०९।१९		
	उ स अभिमूखिकरण	नविन गङतान लाम।	शाखाअधिकृत	२०००००	०७४।११।०९		
	बाल क्लब संजाल कार्यक्रम	हरिकिसोरसाह कानु	सहायकपाचौ	५०००००	०७५।०२।११		
	शिक्षक कम्प्युटर तालिम	हरिकिसोर साह	सहायकपाचौ	१५००००	०७५।०२।३०		
	कार्यालय भवन निर्माण	डि.एण्ड आर कन्ट्राक्सन	निर्माणव्यवसायी	१४००००	०७५।०३।०४		
	बरुणयन्त्र व्यवस्थापन	विरेन्द्र वाइवा	सहायकपाचौ	१७२८००	०७५।०३।१४		

		नगरस्तरीय योजना	रंगशाला कम्पाउण्डवालनिर्माण उ स १	उपभोक्तासमिति	२५००००	२०७५।०२।१७	
		नगरस्तरीय योजना	अधुरो दुग्ध चिस्यानकेन्द्र उ स १६	उपभोक्तासमिति	४०००००	२०७५।०२।२२	
		नगरस्तरीय योजना	सिमरा महिला बचत तथा ऋणसहकारी संस्था लि २	उपभोक्तासमिति	७८००००	२०७५।०२।२७	
		नगरस्तरीय योजना	शौचालय निर्माण उ स ५पेश्की	उपभोक्तासमिति	८००००	२०७५।०२।२७	
		नगरस्तरीय योजना	सर्पदंश उपचार क्न्द्र नि उस ९	उपभोक्तासमिति	२५००००	२०७५।०३।०३	
		नगरस्तरीय योजना	कन्चनपुर दुग्ध उत्पादसहकारी संस्था लि २०	उपभोक्तासमिति	३९५०००	२०७५।०३।०५	
		नगरस्तरीय योजना	ईदगाह निर्माण उ स २४प्रष्टोका	उपभोक्तासमिति	१२८०००	२०७५।०३।१६	
		नगरस्तरीय योजना	कन्जी हाउस निर्माण उ स१	उपभोक्तासमिति	८००००	२०७५।०३।१६	
		नगरस्तरीय योजना	मौवादेवी मावि शौचालयनिर्माण उ स १६	उपभोक्तासमिति	६००००	२०७५।०३।२५	
		नगरस्तरीय योजना	बृद्ध आश्रम उ सपथलैया	उपभोक्तासमिति	५००००	२०७५।०३।२५	
		नगरस्तरीय योजना	भवानीपुर नयाबस्ती पक्कीनाला निर्माण उ स १५	उपभोक्तासमिति	८००००	२०७५।०३।२५	
		नगरस्तरीय योजना	उचिडि लामीडाँडा बाटो ढलानउ स १८	उपभोक्तासमिति	१०००००	२०७५।०३।३१	
		नगरस्तरीय योजना	अहसाबादी साङ्गे छोईलिङ्गबौद्ध गुम्बा उ स २१	उपभोक्तासमिति	१०००००	०७५।०१।२६	
		नगरस्तरीय योजना	अहसाबादी साङ्गे छोईलिङ्गबौद्ध गुम्बा उ स २१	उपभोक्तासमिति	९००००	०७५।०१।२६	
		बहुक्षेत्रीय पोषण	हरिकिसोर साह	सहायकपाचौ	६०००००		
					४८६९८००		
		कृषि प्रसार कार्यक्रम	राधिका भारती	नाप्र स	५००००	०७५।०३।१९	
		पशु सेवा कार्यक्रम	रामविशवास प्रसाद यादव	पशुअधिकृत	१६०००	०७४।०९।०४	
		बाख्रा पालन प्रव४र्न र पशु आहार सेवा कार्यक्रम	रामविशवास प्रसाद यादव	पशुअधिकृत	२०२१४०	०७५।०३।२५	
		जम्मा ४			२६८१४०		
		कुल जम्मा			६७८८४०८		
		आन्तरीक आय	इनर्वासिरा वडा न.१९ र २०		२०३२०००		

	जम्मा पेश्की			२०५९६८०८	

५४. **बेरुजु लगत र श्रेस्ता परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । साविक गा.वि.स.हरुको बेरुजुको अभिलेख अद्यावधिक गरेको छैन । साथै गत बर्ष महालेखपरीक्षकको कार्यालबाट खटिई आएको डोरमुकाम समक्ष साविक अमलेखगन्ज र रामपुर टोकनीको श्रेस्ता लेखापरीक्षणको लागि पेश नभएकोमा हालसम्म स्थिति यथावत छ ।

५५. **वित्तिय जवाफदेहिता मूल्यांकनः** कार्यालयको व्यवस्थापकिय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रबाह र खरिद व्यबस्थापन/विकास निर्माणको क्षेत्रगत सूचकहरुको आधारमा कार्यालयको मूल्यांकन गर्दा कुल १०० पूर्णाकमा A,B,C,D ग्रेडमध्ये यस कार्यालय Dग्रेडमा रहेको छ । कार्यालयले वित्तिय जवाफदेहिताका लागी अति उत्तम अंक हासिल गर्न A ग्रेड प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५६. **बेरुजू** - उपमहानगरंपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.२ करोड ७ लाख ४८ हजार, अनियमित बेरुजू रु.६४ लाख ८७ हजार हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.४ करोड ५ लाख २१ हजार र पेश्की बाँकी रु.२ करोड ५लाख ९७ हजार समेत रु. ८ करोड ८३ लाख ५३ हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया साथ पेश भएको प्रमाणकागजातनुसार रु.५करोड २५ लाख २६ हजार फछ्र्यौट भई रु.३ करोड ५८ लाख २७ हजार बेरुजू कायम भएको छ ।

५७. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । उपमहानगरपालिकाले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

गत वर्षको बेरुजू रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C=A-B)
७७३५३०००.००	०	७७३५३०००.००

५८. **अद्यावधिक बेरुजू स्थिति :** उपमहानगरंपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)	यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)	यो वर्षको कायम बेरुजू रु. (D)	बाँकी (F=C+D+E)
७७३५३०००.००	०	३५८२७०००	११३१८००००.००

अनुसूची– १

जीतपुरसिमरा उपमहानगरपालिका
बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७४।७५

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बांकी बेरुजू			वांकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	बारा	जितपुरसिमरा उपमहानगरपालिका	४८	२०	८८३५३	०	५	५२५२६	४८	१५	३५८२७	३८३८	६४८६	४९०६	०	०	११३९२	०	२०५९७	२०५९७

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
२०७४।७५

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१	बारा	जितपुरसिमरा उपमहानगरपालिका	३२३७९	४८८६५७	३५९७२५	२८१६४	८७६५४६	२२५१०८	३२२२९१	१०७३९५	६५४७९४	२५४१३१